# आकाशवाणी समाचार- नेपाली

मितिः ३० अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. दुई चरणमा सम्पन्न विधानसभा चुनावमा पश्चिम बंगालले ९२.४७ प्रतिशत मतदाताले ऐतिहासिक मतदान गरेको छ।

२. पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको मतदानको बीचमा राज्यभरि ठूलो संख्यामा अवैध हतियार र विस्फोटक पदार्थहरू जफ्त गरिएको छ।

३. तृणमूल सुप्रिमो तथा भवानीपुर विधानसभा क्षेत्रकी उम्मेदवार ममता ब्यानर्जी हिजो मतदान गरेपछि साँझ कालीघाट मन्दिर पुगेर पूजा गर्नु भयो।

४. आरजीकर पीड़िताकी आमा रत्ना देवनाथ मतदान गरेपछि उहाँले पूर्ण आत्मविश्वासको साथमा भन्नु भयो, "हामी नै जित्नेछौं, यसपालि न्याय अवश्य पाउनेछौं।"

५. पहाड र तराई क्षेत्रक विभिन्न गुम्बाहरुमा यस वर्ष पनि भोलि भव्य रूपमा बुद्ध जयन्ती पालन गरिने भएको छ।

**पश्चिम बंगालमा ऐतिहासिक मतदान**

दुई चरणमा सम्पन्न विधानसभा चुनावमा पश्चिम बंगालले ९२.४७ प्रतिशत मतदाताले ऐतिहासिक मतदान गरेको छ, जुन स्वतन्त्रतापछिको राज्यमा सबैभन्दा बढी हो। दोस्रो चरणमा हिजो साँझ ७.४५ बजेसम्म ९१.६६ प्रतिशत मतदान भएको बताइएको थियो भने २३ अप्रेलमा भएको पहिलो चरणमा ९३.१९ प्रतिशत मतदान भएको थियो। दुवै चरणमा संयुक्त सहभागिता ९२.४७ प्रतिशत गणना गरिएको थियो। राज्यको मतदाता आधार ६.८१ करोड छ। निर्वाचन आयोगले भनेको छ, पुरुष मतदाताहरूको सहभागितामा महिला मतदाताहरूको संख्या पुरुषहरूको भन्दा थोरै बढी छ, ९२.२८ प्रतिशत छ भने पुरुष मतदाताहरूको सहभागिता ९१.०७ प्रतिशत छ। यसअघि, पश्चिम बंगालको सबैभन्दा बढी मतदान २०११ को विधानसभा चुनावमा ८४.७२ प्रतिशत थियो। २०१३ को विधानसभा चुनावमा ९३.६१ प्रतिशतको साथ त्रिपुराले सर्वाधिक मतदान सहभागिताको राष्ट्रिय रेकर्ड राखेको छ।

प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले मतदानको प्रशंसा गर्नु हुँदै भन्नु भयो, निर्वाचन आयोगले पश्चिम बंगालका प्रत्येक मतदातालाई रेकर्ड सहभागिताको लागि अभिवादन गर्दछ। आयोगले आसाम र पुडुचेरी लगायत अन्य राज्यहरूमा उच्च मतदान भएको पनि उल्लेख गरेको छ, जसले अहिलेसम्मकै उच्च सहभागिता रेकर्ड गरेको छ। पश्चिम बंगाल, केरलम, तमिलनाडु, आसाम र पुडुचेरीको मतगणना ४ मईमा हुनेछ। यसका साथै, कर्नाटक, नागाल्याण्ड, त्रिपुरा, महाराष्ट्र र गुजरातका धेरै विधानसभा उपचुनावहरूको गणना पनि गरिनेछ।

**मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको मतदानको बीचमा राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले हिजो पत्रकार सम्मेलन गरी स्पष्ट पार्नु भयो, निर्वाचन आयोगले कुनै पनि प्रकारको दुर्व्यवहार, लापरवाही वा हिंसाको सम्बन्धमा "शून्य सहनशीलता" नीति अन्तर्गत काम गरिरहेको छ। उहाँले भन्नु भयो, रिपोर्टहरूले अहिलेसम्म लगभग २५ देखि ३० उजुरीहरू प्राप्त भएको बताउँछन्, तर वास्तविक गणना उचित प्रमाणीकरणपछि मात्र पुष्टि हुनेछ। प्रत्येक उजुरी विधिवत रूपमा रेकर्ड गरिएको छ र सहायक निर्वाचन अधिकारीहरू र जिल्ला निर्वाचन अधिकारीहरूद्वारा पेश गरिएको रिपोर्टको आधारमा कारबाहीको आदेशहरू सम्बन्धित क्षेत्र अधिकारीहरू र अध्यक्षहरूसँग टेलिफोनमार्फत क्रस-भेरिफिकेशनपछि मात्र जारी गरिनेछ।

श्री मनोज अग्रवालले जोड दिनु भयोप, निर्वाचन आयोगले यस चुनावको समयमा कुनै पनि प्रकारको लापरवाही सहन गरिने छैन भनेर स्पष्ट निर्देशनहरू जारी गरेको छ। उहाँले भन्नु भयो, यदि कुनै व्यक्तिले मतदान केन्द्रमा मतदान प्रक्रियामा बाधा पुर्‍याउने प्रयास गर्छ भने - उदाहरणका लागि, EVM वा VVPAT मेसिनमा टेप लगाएर - यस्तो

कार्यलाई अत्यन्त गम्भीरताका साथ हेरिनेछ। जनप्रतिनिधित्व ऐन, १९५१ र भारतीय दण्ड संहिता (आईपीसी) को सम्बन्धित धाराहरूको प्रावधानहरू अन्तर्गत बुथ कब्जा गर्ने र निर्वाचन प्रक्रियामा हस्तक्षेप गर्ने जस्ता कार्यहरूलाई आपराधिक अपराध मानिनेछ। जहाँ हस्तक्षेपको घटना पुष्टि हुन्छ, तत्काल रिपोर्ट दर्ता गरिनेछ र उपयुक्त कारबाही सुरु गरिनेछ।

**अवैध हतियार र विस्फोटक पदार्थहरू जफ्त**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको मतदानको बीचमा राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयले हिजो एक प्रेस विज्ञप्ति जारी गर्‍यो, जसले आदर्श आचारसंहिताको अवधिमा सुरक्षा, कानून व्यवस्था र चुनावसँग सम्बन्धित कार्यहरूको बारेमा प्रमुख अपडेट प्रदान गरेको छ।

***निर्वाचन आयोगका अनुसार १५ मार्च २०२६ देखि राज्यभरि ठूलो संख्यामा अवैध हतियार र विस्फोटक पदार्थहरू जफ्त गरिएको छ। आजसम्म ३९७ अवैध हतियारहरू जफत गरिएको छ। थप रूपमा,७१२ कारतूस, २२२.५७ किलोग्राम विस्फोटक पदार्थ र १०,४०१ बम जफ्तगरिएको छ। जम्मा १ हजार ३६५ बम जफत गरिएको बारे पनि जानकारी प्रदान गरिएको छ। यसैबीच, राज्यमा जम्मा ५ लाख २८ हजार ६९४ लाइसेन्स पत्र प्राप्त हतियारहरू मध्ये १ लाख ७० हजार ६ हतियारहरू जम्मा गरिएको छ। निर्वाचन आयोगले २६ फरवरी २०२६ देखि २८ अप्रेल राति ९ बजेसम्म राज्यभरि ठूलो मात्रामा नगद, मदिरा, लागूपदार्थ, बहुमूल्य धातु र उपहारहरू जफत गरिएको बताएको छ। अहिलेसम्म, ३० करोड ६९ लाख ७७ हजार बराबरको नगद जफत गरिएको छ। जम्मा 51 लाख 43 हजार 44.71 लिटर मदिरा - अनुमानित 134 करोड़ 55 लाख आठ हजार बराबरको जफत गरिएको छ।***

***निर्वाचन आयोगले पनि आदर्श आचारसंहिता लागू गर्ने सम्बन्धमा कडाइ गरेको छ। राज्यभर अवैध राजनीतिक पोस्टर, ब्यानर र प्रचार सामग्री हटाउने अभियान जारी छ। आयोगका अनुसार सबै जिल्लाहरूमा सार्वजनिक सम्पत्तिबाट अवैध प्रचार सामग्री हटाउने काम सम्पन्न भएको छ।***

**ममता ब्यानर्जी – पूजा**

तृणमूल सुप्रिमो तथा भवानीपुर विधानसभा क्षेत्रकी उम्मेदवार ममता ब्यानर्जी हिजो साँझ भवानीपुरस्थित मित्र संस्थानमा मतदान गरेपछि सिधै कालीघाट मन्दिर पुग्नु भयो। रिपोर्टका अनुसार उहाँले त्यहाँ देवी कालीको पूजा गर्नु भयो र राज्यका जनताको शान्ति र समृद्धिको कामना गर्नु भयो। प्रत्येक मतदानको दिन मित्र संस्थामा मतदान गरेपछि कालीघाट मन्दिरको दर्शन गर्नु उहाँको परम्परा हो| उहाँले हिजो पनि यो परम्परा पालना गर्नु भयो। मन्दिरमा अनुष्ठान गर्दा उहाँ त्यहाँ उपस्थित सर्वसाधारण र भक्तहरूसँग अन्तरक्रिया गरिरहेको पनि देखिनु भयो। मन्दिर परिसरभित्र कडा सुरक्षा व्यवस्था गरिएको थियो। प्रार्थना पूरा गरेपछि उहाँ आफ्नो निवासतिर जानु भयो।

**कतिपय स्थानहरूमा ईभीएम खराब**

पश्चिम बङ्गाल विधानसभा चुनाउ 2026- को मतदान अवधि कतिपय स्थानहरूमा ईभीएम खराब भएको समाचार प्राप्त भएको छ। यसले गर्दा केही मतदान केन्द्रहरूमा मतदान प्रक्रिया प्रभावित भयो भने मतदाताहरूलाई पनि समस्या भयो। यसबीच बारासातका पूर्व विधायक औ बङ्गला फिल्मका सुप्रसिद्ध अभिनेता चिरञ्जीत चक्रवर्ती ईभीएम खराब भएको कारणले मतदान नगरी फर्किए। हिजो बिहान चिरञ्जीत मतदान गर्नका लागि कोलकाताको चारुचन्द्र कलेजस्थित मतदान केन्द्रमा जानु भएको थियो।

**आरजीकर पीड़िताकी आमा**

पश्चिम बङ्गाल विधानसभा चुनाउको दोस्रो चरणमा एक भावनात्मक औ राजनीतिक रूपमा महत्वपूर्ण तस्वीर उत्तर 24 परगनाको पानिहाटीबाट आएको छ। आफ्नी छोरीको लागि न्यायको लड़ाईंलाई अगाड़ि बढ़ाउँदै आरजीकर पीड़िताकी आमा रत्ना देवनाथ सक्रिय राजनीतिमा उत्रिएकी छन्। यसपालि उनी भारतीय जनता पार्टीको टिकटमा चुनाउ मैदानमा छन्। हिजो बिहान मतदान गरेपछि उहाँले पूर्ण आत्मविश्वासको साथमा भन्नु भयो, "हामी नै जित्नेछौं, यसपालि न्याय अवश्य पाउनेछौं।" परिपूर्ण देखिएको छ। उनको मान्यता छ, जनताले न्यायको पक्षमा फसेला गर्नेछन्। हिजो बिहान उहाँले मतदान केन्द्रमा पुगेर आफ्नो मत हाल्नु भयो।

**बुद्ध जयन्ती समारोह पालन गरिने**

खरसाङको शेर्पा बस्तीस्थित शेडुप धार्गेलिङ्ग गुम्बामा यस वर्ष पनि भव्य रूपमा बुद्ध जयन्ती समारोह पालन गरिने भएको छ। यस गुम्बामा विगत धेरै वर्ष अघिदेखि भव्य रुपमा बुद्ध जयन्ती पालन गर्दै आइरहेको छ। यस वर्ष पनि भोलि 1 मईमा शेडुप धार्गेलिङ्ग गुम्बा शेर्पा बस्ती, खरसाङमा भव्य रुपमा बुद्ध जयन्ती पालन गरिने बताइएको छ। आयोजक समितिको पक्षबाट सबै सबैलाई हार्दिक स्वागत जनाउँदै उपस्थितिको लागि निवेदन गरिएको छ। उक्त बौद्ध जयन्तीको अवसरमा 30 अप्रेलका दिन बिहान पूजा अर्चना साथै 2 बजीदेखि छोकल पूजा आयोजना गरिने छ। त्यसरी नै 1 मईमा बिहान शान सालिङ गरेर खरसाङ बजार परिक्रमा गरेर दिउँसोको समयमा आयुको पूजा गरिने छ। बुद्ध जयन्तीको अवसरमा नेपालबाट वरिष्ठ खेन्पो सुल्ट्रिम दोर्जे उपस्थित रहने छन् भने उनकै बाहुलीबाट वाङ्ग वितरण गरिने भएको छ।